आज मिति २०८२ साल मसिर २९ गते सोमवारका दिन दिउसो २:०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ४३ औ बैठक बस्यो।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | अनुपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानुकाजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्रकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सचिव | श्री भोज राज घिमिरे | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | ब.का.अ(महाशाखा प्रमुख) | श्री केशब सिलवाल | उपस्थित |
| २ | ब.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ३ | ब.सा.बि.अ | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थित |
| ५ | अ.छैठौ | सुब्रिन कुमार चिमौरिया | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः

१. नगरसभा सम्बन्धमा ।
२. विविध ।

निर्णय नं १ :

यस नगरपालिकाको १३ तेह्रौ अधिवेशन मितिः २०८२/०९/२४ विहीवार बिहान ८:०० बजे बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं २ :

नगर सभाको तेह्रौ अधिवेशनमा पेश गर्नका लागि चालु आ.ब २०८२।२०८३ को वजेट कार्यक्रम आवश्यक परिमार्जन गर्न देहाय बमोजिमका तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक :प्रमुख प्रशासकीय अधिकृत भोज राज घिमिरे
सदस्य : ब.का.अ.महाशाखा प्रमुख केशब सिलवाल
सदस्यः ब.अ.महाशाखा प्रमुख ज्ञानेन्द्र प्रसाद भट्ट
सदस्यः ब.अ.महाशाखा प्रमुख तुल्सी भक्त तको
सदस्य : ब.ई.कृष्ण गोपाल श्रेष्ठ
सदस्य : सदस्य - सचिव ब.ले.अ.सुमित्रा पौडेल

निर्णय नं ३ :

चालु आ.ब २०८२।२०८३ कार्तिक महिनाको खर्च विवरण सम्बन्धमा छलफल भयो ।

निर्णय नं ४ :

यस नगरपालिकाले नेपाल नगरपालिका संघको बार्षिक सदस्यता शुल्क बापत आ.ब २०७९।०८० देखि २०८२।०८३ को रु. २,००,००० ( दुई लाख मात्र) चालु आ.बको भैपरी शिर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी उक्त संघलाई भुक्तानी गर्ने निर्णय गरीयो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५ :

यस नगरपालिका वडा नं. २ स्थित एस.ओ.एस.बालग्राम अगाडी पार्क तथा मन्दिर निर्माणको लागि चालु आ.व.२०८२।०८३ मा रु. ३५,००,०००।- ( अक्षरेपी पैंतीस लाख मात्र ) विनियोजन भएकोमा मन्दिर २ (दुई) तल्लाको कार्य गर्न न.पा.बाट रु. ४२,५३,५८९।७४ ( अक्षरेपी बयालीस लाख त्रिपन्न हजार पाँच सय उनानब्बे रुपैया चौहत्तर पैसा मात्र ) ल.ई. भएको र उक्त कार्य सम्पन गर्न नपुग रकम रु. १७,५३,५८९।७४ (अक्षरेपी सत्र लाख त्रिपन्न हजार पाँचसय उनानब्बे रुपैया चौहत्तर पैसा मात्र ) चालु आ.व. को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

यस नगरपालिका वडा नं. ४ स्थित अरनिको राजमार्गको ट्र्याकरोड शंखधर चोकमा वनदेवी मन्दिरको दक्षिण तर्फ वनदेवी दक्षिण तर्फ शौन्दर्यकरण कार्यको लागि चालु आ.व. २०८२।०८३ मा रु. ५०,००,०००।( अक्षरेपी पचास लाख मात्र ) विनियोजन भएको मा न.पा. बाट रु. ५३,०७,४६४।७६ ( अक्षरेपी त्रिपन्न लाख सात हजार चार सय चौसठी रुपैया छयहतर पैसा ) को ल.ई. पेश भएको र सो कार्य सम्पन्न गर्न नपुग रकम रु.३,०७,४६४।७६ ( तिन लाख सात हजार चार सय चौसठी रुपैया छयहतर पैसा मात्र ) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं ७ :

यस नगरपालिका वडा नं. ४ स्थित इन्द्रायणी परिसर अन्तर्गत इन्द्रायणी खेल मैदान परिसर सुधारको लागि चालु आ.व.२०८२।०८३ मा रु.३०,००,०००।(तीस लाख मात्र ) विनियोजन भएको मा न.पा. बाट रु.४५,५४,८८८।४० ( अक्षरेपी पैंतालीस लाख चौवन्न हजार आठ सय अठासी रुपैया चालीस पैसा मात्र ) को ल.ई. पेश भएको र सो कार्य सम्पन्न गर्न नपुग रकम रु.६,४३,८४६।७२ ( छ लाख त्रिचालिस हजार आठ सय छयालीस रुपैया बहत्तर पैसा मात्र ) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं ८ :

यस नगरपालिका वडा नं. ३ देखि ९ सम्म सम्पदा मार्ग निर्माण गर्नको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारबाट हास्तान्तरित कार्यक्रम (समपुरक आनुदान) बाट रु.१,५०,००,००० ( एक करोड पचास मात्र ) लाख विनियोजन भए को र न.पा. बाट रु.३,५०,००,०००। ( अक्षरेपि तीन करोड पचास मात्र ) विनियोजन भएकोमा न.पा. बाट रु. ६,३८,१०,९६८।४३( छ करोड अठ्तीस लाख दश हजार नौसय अठ्सठी रुपैया त्रिचालिस पैसा मात्र ) को ल.ई. भएको र उल्लेखित कार्य सम्पन्न गर्न नपुग रकम



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

रु.१,३८,१०,९६८।४३ (एक करोड अठ्तीस लाख दश हजार नौसय अठ्सठी रुपैया त्रिचालिस पैसा मात्र) चालु आ.व.को भैपरी पुँजीगत शिर्षक बाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं ९:

यस नगरपालिका वडा नं. ३ र ४ को सिमाना मा थिमि ब्यांकेट देखि हनुमन्ते खोला सम्मको सडक (ढल) बाटो निर्माण तथा स्तरोन्नति कार्यको लागि संघीय सरकार हस्तान्तरित कार्यक्रमबाट चालु आ.व. २०८२।०८३ मा रु. २५,००००० । (अक्षरेपी पच्चीस लाख मात्र ) विनियोजन भएकोमा न.पा. बाट रु.२५,१३,९३५।२० ( अक्षरेपी पच्चीस लाख तेह्र हजार नौ सय पैंतीस रुपैया विस पैसा मात्र) को ल.ई. पेश भएको र सो कार्य सम्पन्न गर्न नपुग रकम रु.१३,९३५।२० (तेह हजार नौसय सय पैंतीस रुपैया विस पैसा मात्र) चालु आ.व.को निर्मित सार्वजनिक सम्पतिको मर्मत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं १०:

यस नगरपालिका वडानं. ९ स्थित गाँखु सिताला देवी मार्ग स्थित खरिबोट देखि सितालादेवी मार्ग सडक सुधारको लागि चालु आ.व. २०८२।०८३ मा रु. ३७,००,०००।( अक्षरेपी सैंतीस लाख मात्र ) बजेट विनियोजन भएको मा न.पा. बाट रु. ५४,९६,२६५।५८ ( अक्षरेपी चौवन्न लाख छयानब्बे हजार दुईसय पैंसठ्ठी रुपैया अन्ठाउन्न पैसा मात्र) को ल.ई. पेश भएको र सो कार्य सम्पन्न गर्न नपुग रकम रु.१७,९६,२६५।५८ ( अक्षरेपी सत्र लाख छयानब्बे हजार दुईसय पैंसठ्ठी रुपैया अन्ठाउन्न पैसा मात्र) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं ११:

यस नगरपालिका वडानं. ७ स्थित भण्डारी टोलबाट कमलपोखरी जाने बाटो कालोपत्रे कार्यका लागि चालु आ.व. २०८२।०८३ मा रु. ५०,०००००।( अक्षरेपी पचास लाख मात्र ) बजेट विनियोजन भएकोमा न.पा. बाट रु. ५८,२८,००६।९६ ( अक्षरेपी अन्ठाउन्न लाख अट्ठाइस हजार छ रुपैया छयानब्बे पैसा मात्र ) को ल.ई. पेश भएको र सो कार्य सम्पन्न गर्न नपुग रकम रु.८,२८,००६।९६ (आठ लाख अट्ठाइस हजार छ रुपैया छयानब्बे पैसा मात्र ) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १२:

यस नगरपालिका वडानं. ३ स्थित तेर्चातारको मूलबाटो कालोपत्रे कार्यका लागि चालु आ.व. २०८२।०८३ मा रु. ५०,००,०००।(अक्षरेपी पचास लाख मात्र ) बजेट विनियोजन भएकोमा न.पा. बाट रु. ५८,२६,८८३।०३ (अक्षरेपी अन्ठाउन्न लाख छब्बीस हजार आठ सय त्रियासी रुपैया तीन पैसा मात्र) को ल.ई. पेश भएको र उक्त कार्य सम्पन्न गर्न नपुग रकम रु.८,२६,८८३।०३ (अक्षरेपी आठ लाख छब्बीस हजार आठ सय त्रियासी रुपैया तीन पैसा मात्र ) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं १३:

यस नगरपालिका वडानं. ९ स्थित निकोसेरा हाइवे देखि नमुनाबस्ती सडक स्तरोन्नति कार्यका लागि चालु आ.व. २०८२।०८३ मा रु. ४०( अक्षरेपी चालीस लाख मात्र ) बजेट विनियोजन भएकोमा न.पा. बाट रु. ४७,५७,४२१।१४ (अक्षरेपी सतचालीस लाख सन्ताउन्न हजार चार सय एक्काईस रुपैया चौध पैसा मात्र ) को ल.ई. पेश भएको र उक्त कार्य सम्पन्न गर्न नपुग रकम रु.७,५७,४२१।१४ (अक्षरेपी सात लाख सन्ताउन्न हजार चार सय एक्काईसरुपैया चौध पैसा मात्र) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं १४:

यस नगरपालिका वडानं. ८ स्थित महालक्ष्मी मन्दिर निर्माण कार्यका लागि चालु आ.व. २०८२।०८३ मा रु. ३० ( अक्षरेपी तीस लाख मात्र) बजेट विनियोजन भएकोमा न.पा. बाट रु ४५,२८,२१०।३६ ( अक्षरेपी पैतालिस लाख अठ्ठाईस हजार दुई सय दश रुपैया छत्ततिस पैसा मात्र) को ल.ई. पेश भएको र उक्त कार्य सम्पन्न गर्न नपुग रमक रु १५,२८,२१०।३६ ( अक्षरेपि पन्ध्र लाख अठ्ठाईस हजार दुई सय दश रुपैया छत्ततिस पैसा मात्र) चालु आ.व.को भैपरी पुँजीगत शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं १५:

यस नगरपालिकाको चालु आ.व. २०८२।०८३ को दररेटमा कालो ढुंगाको लम्बाई ४३" चौडाई २४" र उचाई ६०" को भाले पोथी एकजोड सिहंको २(दुई) गोटा मुर्तिको दररेट रु.७,५०,०००।( अक्षरेपी सात लाख पचास हजार मात्र ) भ्याट बाहेक ढुवानी, जडान ज्याला **All Complete Overhead** सहित दररेट कायम गर्ने निर्णय गरियो।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १६:

यस नगरपालिकाबाट गठित कृषि बिकास बचत तथा ऋृण सहकारी संस्था लि. समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई प्राप्त कार्यदेश अनुरुप समस्याग्रस्त सहकारी सँग सम्बन्धित संचालकका ऋणी वा निजहरुका नाउंका कम्पनी वा व्यक्तिहरुका चलअचल सम्पति रोक्का राख्ने , रोक्का राखिएका सम्पति ,जिन्सी सामग्रीको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्न यस नगरपालिकाबाट यस अघि रोक्का राखिएका वा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट रोक्का राख्न अनुरोध गरी यस नगरपालिकाको नाउंबाट रोक्का राखिएका कम्पनी वा व्यक्तिहरुका चलअचल सम्पत्ति प्रचलित कानून बमोजिम लिलाम विक्री गरी त्यसबाट प्राप्त हुने रकम नगरपालिकाको सम्वन्धित विविध कोषमा जम्मा गर्न , सो कोष परिचालनका लागि सिफारिस समेत गर्न तथा लिलाम प्रकृया पश्चात लिलाम सकार गर्नेका नाउंमा दा.खा नामसारी लगायतका आवश्यक काम समेतको सिफारिस गर्न पाउने गरी सो समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७:

मध्यपुर थिमि नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,२०८२ र मध्यपुर थिमि नगरपालिकाको सहकारी (दोस्रो संशोधन) विधेयक , २०८२ को मस्यौदा अध्ययनका लागि कार्यपालिकाको सदस्यज्यू हरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १८:

यस नगरपालिकाको बिषयगत समितिहरुको बैठक नियमित रुपमा बस्न सो समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत